## सेवा करारमा कर्मचारी व्यवस्थापन (पहिलो संसोधन ) कार्यविधि २०७८

स्वीकृत प्राप्त मिति:२०७८/०३/२०

प्रस्तावना : सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले बागचौर नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १- प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम " सेवा करारमा कर्मचारी व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि २०७८ " रहेको छ ।

(२) यो कार्यविधि २०७८ साल असाढ २१ गते देखि लागु हुने छ ।

२. सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७७ को परिच्छेद २ को संशोधनः

सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, ३ु०७७ ( यसपछि मुल कार्यविधि भनिएको) को परिच्छेद २ को छनौट तथा सिफारिस समिति को संशोधन गरि देहाय बमोजिमको हुनेछ ।

**छनौट तथा सिफारिस समिति -**

१ करार सेवामा छनौट तथा नियुक्ति सिफारिस लागि आवश्यक कार्य गर्न देहाय बमोजिमको छनौट तथा सिफारिस समिति रहनेछ ।

क। प्रमुख प्रशासकीय अधिकृत — संयोजक

* ख) ..............................................................................

ग) सम्बन्धित विषयको विषयगत शाखा प्रमुख — सदस्य

घ) सूचना प्रविधि अधिकृत — सदस्य

ङ) प्रशासन शाखा प्रमुख — सदस्य सचिव

२ सवारी चालक छनौट तथा सिफारिसका लागि सम्बन्धित विषयको विशेषज्ञ सदस्यको रुपमा रहने छ ।

** ३ छनौट तथा सिफारिस समितिले आवश्यता अनुसार ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय तथा अन्य शाखाहरुबाट कर्मचारीहरुलाई आमन्त्रित गर्न सक्नेछ ।

४. विषयगत शाखाको प्रमुख नभएमा छनोट तथा सिफारिस समितिले तोकेको सम्बन्धित विषयको विषय विज्ञ सदस्यको रुपमा रहनेछ ।

* सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७८ को पहिलो संशोधनबाट हटाइएको ।

** सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि, २०७८ को पहिलो संशोधनबाट थपिएको ।

२०७८/०३/२०

लोकमान बुढाथोकी
नगर प्रमुख

Scanned with CamScanner